रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होलेरी, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## रुन्टिगढी गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,

## २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९।११।२९

CS Scanned with CamScanner

तयार पर्ने
रुन्टीगढी गाउँपालिका
झेनाम (होलेरी) , रोल्पा

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७९।११।२९

**प्रस्तावनाः**

रुन्टीगढी गाउँपालिका बासीहरुमा समय समयमा आइपर्ने विपत्तीबाट उत्पन्न हुने संकट बाहेक विपन्न नागरिक,विभिन्न स्वास्थ्य समस्या, चोटपटक र दुर्घटना, तथा नेपाल सरकारले गम्भिर प्रकृतिका रोगहरु भनि तोकेका दिर्घरोगहरुबाट पिडितआम नागरिकहरुलाई सिमित स्रोत साधनबाट न्यायोचित तरिकाले आर्थिक सहायता प्रदान गरी जनताको परिमर्का र अप्ठ्यारा परिस्थितिमा स्थानीय सरकारको प्रत्यक्ष प्रत्याभूति दिलाउन बान्छनीय भएकोले,

रुन्टीगढी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम गाउँ कार्यपालिकाले "आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७९" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "आर्थिक सहायतासम्वन्धी कार्यविधि, २०७९" रहेको छ ।

२. यो कार्यविधि रुन्टीगढी गाउँपालिकाले राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाँउपालिका" भन्नाले रुन्टीगढी गाउँपालिका सम्झनु पर्छ ।

Scanned with CamScanner

(ख)"अध्यक्ष" भन्नाले रुन्टीगढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग)"उपाध्यक्ष" भन्नाले रुन्टीगढी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रुन्टीगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ)"आर्थिक सहायता" भन्नाले प्राकृतिक प्रकोप तथा विपत्तीवाट उत्पन्न हुने संकट वाहेक विपन्न नागरिक, विभिन्न स्वास्थ्य समस्या, चोटपटक र दुर्घटना, तथा नेपाल सरकारले गम्भिर प्रकृतिका रोगहरु भनि तोकेका दिर्घ रोगहरुवाट पिडित नागरिकलाई दिइने आर्थिक सहयोग सम्झनुपर्दछ ।

(च)"सामान्य रोग" भन्नाले नेपाल सरकारले तोकेको गम्भिर प्रकृतिका रोगहरु वाहेकका रोगहरुलाई सामान्य रोग सम्झनु पर्दछ ।

(छ)"गम्भिर प्रकृतिको चोटपटक" भन्नाले अंगभंग भएको, चोटपटकवाट अत्यधिक रक्तस्राव भएको सम्झनु पर्दछ।

(ज)"दिर्घ रोग" भन्नाले नेपाल सरकारले गम्भिर प्रकृतिका रोगहरु जस्तै क्यान्सर, मृगौला विफलता (तिम चरणको गुर्दे विफलता, प्रमुख अंग प्रत्यारोपण, महाधमनीको शल्यक्रिया, हार्ट भल्भ सर्जरी, स्ट्रोक, मायोकार्डियल इन्फ्राक्शन, कोमा, कुल अन्धोपन, पक्षाघात, स्टेज कलेजो फेल, अन्तिम चरणको फोक्सोको रोग, अल्जाइमर रोग, पार्किन्सन रोग, थर्ड डिग्री बर्न्स लगायतका रोगहरु सम्झनु पर्दछ।

(झ)"आर्थिक सहायता रकम" भन्नाले रुन्टीगढी गाउँपालिकाको वार्षिक वजेटमा विनियोजन गरिएको बजेट शिर्षकमा रहेको रकम सम्झनुपर्दछ ।

(ञ)"कार्यालय" भन्नाले रुन्टीगढी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## सहायता रकम उपलब्ध गराउने विषय क्षेत्र र सहायता रकम

**सहायता रकम उपलब्ध गराउने विषय क्षेत्रः**(१)रुन्टीगढी गाउँपालिकामा आर्थिक सहायता रकम उपलब्ध गराउन निम्न विषय क्षेत्रहरु रहने छन्

(क)विभिन्न समस्यामा परेका विपन्न नागरिक,सामान्ने स्वास्थ्य समस्याहरु

(ख)चोटपटक तथा दुर्घटना,

(ग)गम्भिर प्रकृतिका दिर्घ रोगहरु,

CS Scanned with CamScanner

५. सहायता रकमः(१) दफा ३ मा उल्लेख भएका विषय क्षेत्रहरुमादेहाय बमोजिम सहायता रकम उपलब्ध गराउन सकिनेछ ।

(क) विभिन्न समस्यामा परेका विपन्न नागरिकहरुलाई प्रदान गर्न सकिने सहायता रकमः

| क स | समस्याको प्रकृति | सहायता रकम |
|---|---|---|
| १ | विपन्न तथा गरिव परिवारको समस्याहरुमा प्रदान गर्न सकिने रकम | रु २,०००/- देखि अधिकतम १०,०००/- सम्म |

(ख) चोटपटक तथा दुर्घटनाबाट घाइते तथा उपचारको क्रममा रहेको व्यक्तिलाई प्रदान गर्न सकिने सहायता रकम;

| क स | समस्याको प्रकृति | सहायता रकम |
|---|---|---|
| १ | सामान्य चोटपटक वा अन्य समस्या भएको | रु २,०००/- देखि ५०००। सम्म । |
| २ | हातखुट्टा भाचिएको(प्रति एकको) वा अन्य समस्या भएको | रु ६,०००/- देखि १००००। सम्म । |
| ३ | गम्भिर प्रकृतिको चोटपटक | रु १०,०००देखि ३०,००० सम्म । |

(ग) दिर्घरोगबाट ग्रसित विरामीहरुलाई प्रदान गर्न सकिने सहायता रकम ;

| क स | समस्याको प्रकृति | सहायता रकम |
|---|---|---|
| १ | सबै प्रकारका दिर्घ रोगबाट ग्रसित विरामीहरु | रु १०,०००/- देखि १५०००।सम्म । |

तर गम्भिर रोग लागेका विरामीहरुले गाउँपालिकाबाट पाउने मासिक भत्ता पाइरहेको अबस्थामा खण्ड (घ) बमोजिको सहायता रकम प्राप्त गर्न सक्नेछैनन् ।

(घ) एकपटक सहायता रकम प्राप्त गरि सकेको व्यक्तिलाई सोहि प्रकृतिको अवस्थामाएक आर्थिक वर्षमा पुनः सहायता रकम दिइने छैन ।

Scanned with CamScanner

६. अन्य विशेष परिस्थिति वा खास कारण परि माथि उल्लेखित विषय क्षेत्र र मापदण्डमा नपर्ने विषय क्षेत्र वा घटीबढि गरि सहायता रकम उपलब्ध गराउनु पर्ने आवश्यकता महशुस भएमाकार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन बाधा पर्नेछैन ।

७. सहायता रकम माग गर्दा देहायका कागजात संलग्न राखु पर्ने

(क) अस्पताल भर्ना भइ उपचार सम्बन्धी सम्पूर्ण कागजातका प्रतिलिपि,

(ख) घटनासँग सम्बन्धित स्पष्ट देखिने फोटो

(ग) सम्बन्धित वडाको सिफारिस

(घ) सहायता रकम माग गर्ने व्यक्तिको निवेदन,

८. भुक्तानी प्रक्रियाः रु ३,००० सम्मको हकमा अध्यक्षज्यूको तोक आदेशानुसार र सो भन्दा माथि कार्यपालिकाको निर्णयबाट भुक्तानी दिने।

## परिच्छेद-३
## विविधः

१ कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या रुन्टीगढी गाउँपालिका गाउँकार्यपालिकाले गर्नेछ ।

२ बाधा अड्चन फुकाउः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

३ खारेजी र बचाउः आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि २०७७ खारेज गरिएको छ । र सो कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।